नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(योजना तथा अनुगमन शाखा)**
सानोठिमी, भक्तपुर
फोनः ०१.६६३१०७५
फोनः ०१.६६३३६२३
फोनः ०१.६६३५१३४

पत्र संख्याः २०७८।०७९
च. नं. ११४

मितिः २०७८।१०।०९

विषयः ठूला विद्यालयसँग सम्बन्धित विवरण र स्वीकृत गुरूयोजना पठाइदिने सम्बन्धमा ।

श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं १, बिराटनगर, मोरङ।
श्री सामाजिक विकास मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडा, मकवानपुर।
श्री शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की।
श्री शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय, लुम्विनी प्रदेश, मुकाम बुटवल, रुपन्देही।
श्री सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, बीरेन्द्रनगर, सुर्खेत।
श्री सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

प्रस्तुत विषयमा गत आ.व. २०७७।०७८ को ब.उ.शि.नं. ३५०००८०१ विद्यालय क्षेत्र विकास कार्यक्रम जिल्लास्तर ससर्त अनुदानमा ठूला विद्यालय छनौट तथा ड्रइङ डिजाइनको कार्यक्रम रहेकोमा सो अनुसार विद्यालय छनौट र ड्रइङ डिजाइनसम्बन्धी काम भइसकेकै होला । उक्त अनुसारका विद्यालयहरूका लागि थप कार्यक्रम स्वीकृत गर्नुपर्ने भएकाले त्यस प्रदेश अन्तर्गत छनोट भएका ठूला विद्यालयहरूको नाम नामेसी, विद्यालय विकासका लागि तयार गरिएको गुरूयोजना /DPR, गुरुयोजना कार्यान्वयनका लागि आवश्यक प्रस्तावित बजेट रकम र विद्यालयको हालसम्मको प्रगति अवस्था लगायत यसैसाथ संलग्न पानामा उल्लेखित ढाँचा बमोजिम ठूला विद्यालयसँग सम्बन्धित विवरण पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्र अन्तर्गत योजना तथा अनुगमन शाखा (इमेल ठेगाना planning.cehrd@gmail.com) मा (स्वीकृत गुरूयोजना /DPR यस केन्द्रमा पठाउन बाँकि भए सो समेत) आइपुग्ने गरी पठाइदिनु हुन यस केन्द्रको मिति २०७८।१०।०९ गतेको निर्णय अनुसार अनुरोध छ।

२०७८।१०।९

रामप्रसाद शर्मा
शाखा अधिकृत

# संघीय सरकारबाट छनोट भएका ठूला विद्यालयसँग सम्बन्धित विवरण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

**प्रदेशको नामः**

| सि.नं. | ठूला विद्यालय कार्यक्रमका लागि छनोट भएको | | | छनोट भएका ठूला विद्यालयको गुरूयोजना | | गुरुयोजना स्वीकृत गर्ने निकाय र स्वीकृत मिति | गुरूयोजना कार्यान्वयनका लागि प्रस्तावित बजेट (रु हजारमा) | हालसम्मको प्रगति अवस्था (संक्षिप्तमा बुँदागत रुपमा उल्लेख गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयको नाम र ठेगाना | सञ्चालित कक्षा | प्र.अ.को नाम र सम्पर्क नम्बर | तयार भएको | नभएको | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**तयार गर्ने**

दस्तखत
नामथरः
पदः
कार्यालयको नामः
मितिः

**प्रमाणित गर्ने**

दस्तखत
नामथरः
पदः
कार्यालयको नामः
मितिः